# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८२/०८३

प्रेस विज्ञप्ति नं. : ४१३

मिति: २०८३।०३।०१ गते।

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

### लागु औषध कोकिन कारोवारमा संलग्न ३ जना बिदेशी नागरिक पक्राउ।

अन्तराष्ट्रिय उडानवाट काठमाण्डौ आउने बिदेशी नागरिकहरुको Profiling गरी शंकित ब्यक्तिहरुको निग्रानी गर्ने क्रममा यस ब्यूरोवाट खटिएको प्रहरी टोलीले मिति २०८३।०२।२६ गते कतार एयरवेजको उडान नं. QR ६४६ द्वारा ईथियोपियाबाट दोहा हुदै काठमाण्डौ आएका Senegal नागरिक पासपोर्ट नम्वर A00472226 बाहक बर्ष ४३ को AMADOU SARR लाई जिल्ला काठमाण्डौ, का.म.न.पा.वडा नं. २६ ठमेल स्थित होटलमा फेला पारी खानतलासी गर्दा निजको साथमा मुखबाट निलेर पेटभित्र लुकाई ल्याईएको १६ वटा प्लाष्टिक कोटेड कोकिन क्याप्सुल फेला पारी थप अनुसन्धानको सिलसिलामा निजको पेट भित्र रहेको अन्य ६० वटा प्लाष्टिक कोटेड कोकिन क्याप्सुलहरु समेत अस्पतालमा स्वास्थ्यकर्मीको सहयोगमा उपचार पद्दतिबाट निकाली जम्मा प्लाष्टिक कोटेड कोकिन क्याप्सुल ७६ पिसवाट लागु औषध कोकिन नेट १ किलो ५०० ग्राम बरामद गरी निज Senegal नागरिक AMADOU SARR लाई पक्राउ गरिएको।

साथै पक्राउ प्रतिवादी उपर थप अनुसन्धान गर्दा निजवाट बरामद कोकिन क्याप्सुल लिन भारतको दिल्लीवाट काठमाण्डौको ठमेल स्थित निज प्रतिवादी वसेको होटलमा आएका २ जना महिलाहरुलाई समेत मिति २०८३।०२।३१ गते पक्राउ गरिएको।

❖ **पक्राउ प्रतिवादीहरुको विवरण :**

१. Senegal नागरिक पासपोर्ट नम्वर A00472226 बाहक बर्ष ४३ को AMADOU SARR.

२. देश भारत, Khanpur Village, South Delhi वस्ने बर्ष ३६ की RUBI.

३. ऐ. ऐ. वस्ने वर्ष ३१ की SONY.

❖ **बरामद दशी (सामानहरु) को विवरण :**

१. लागु औषध कोकिन १ किलो ५०० ग्राम।

२. पासपोर्ट थान १।

३. भारतिय आधार कार्ड थान २।

४. मोवाईल थान ३।

नोट :- पक्राउ प्रतिवादीहरु उपर यस कार्यालयवाट थप अनुसन्धान भई रहेको।

**प्रवक्ता/सूचना अधिकारी**
**(दुर्गा राज रेग्मी)**
**प्रहरी उपरीक्षक**

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेल: [ncb@nepalpolice.gov.np]